# नेपाल संस्कृत विश्वविद्यालय
# Nepal Sanskrit University
बेलझुण्डी, दाङ
Beljhundi, Dang

शिक्षाध्यक्षको कार्यालय — Office of the Rector


मितिः- २०८२/०६/२३

प. सं. 58
च. नं. 964/009

१. श्री सेवा आयोगको कार्यलय, ने.सं.वि.बेलझुण्डी, दाङ ।
२. श्री अनुसन्धान केन्द्र, ने.सं.वि.बेलझुण्डी, दाङ ।
३. श्री राष्ट्रिय सांस्कृतिक अध्ययन केन्द्र, ने.सं.वि.बेलझुण्डी, दाङ ।
४. श्री आयुर्वेद अध्ययन संस्थान, डीनको कार्यलय ने.सं.वि.बेलझुण्डी, दाङ ।
५. श्री परीक्षा नियन्त्रण कार्यालय, बेलझुण्डी, दाङ ।
६. श्री विश्वविद्यालय विद्यापीठ, बेलझुण्डी, दाङ ।
७. श्री वाल्मीकि विद्यापीठ, प्रदर्शनीमार्ग काठमाडौँ ।
८ श्री जनता विद्यापीठ, बिजौरी, दाङ ।
९. श्री पिण्डेश्वर विद्यापीठ, धरान, सुनसरी ।
१०. श्री या.व.ल.ना. विद्यापीठ, मटिहानी, महोत्तरी ।
११.श्री रूरू संस्कृत विद्यापीठ, रिडी, गुल्मी ।
१२. श्री जनकहजारी विद्यापीठ, जनकपुरधाम, धनुषा ।
१३. श्री शारदा विद्यापीठ, महेन्द्रनगर, कञ्चनपुर ।
१४. श्री विन्दुवासिनी संस्कृत विद्यापीठ, पोखरा, कास्की ।
१५. श्री वि.पी.को.संस्कृत विद्यापीठ, नेचा, सल्यान, सोलुखुम्बु ।
१६. श्री कालिका संस्कृत विद्यापीठ, गैंडाकोट, नवलपरासी ।
१७. श्री केन्द्रीय आयुर्वेद विद्यापीठ, बेलझुण्डी, दाङ ।
१८ श्री एकवर्षे शिक्षाशास्त्री कार्यक्रम, रानीपोखरी, काठमाडौं ।

**विषयः- पदीय मर्यादा तथा आचारसंहिता पालना सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गतका निकाय/आङ्गिक विद्यापीहरूमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले यसै साथ संलग्न **'पदीय मर्यादा तथा आचार संहिता पालनासम्बन्धी सूचना'** मा उल्लेख भएबमोजिम विश्वविद्यालयको गरिमा, प्राज्ञिक वातावरण, संस्थागत अनुशासन तथा मर्यादा कायम राख्ने कार्यमा जिम्मेवार, संयमित, मर्यादित एवं आचारसंहिताअनुकूल व्यवहार गर्नु/गराउनुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

**अवगतार्थ/बोधार्थ**
१.श्री उपकुलपतिको कार्यालय, ने.सं.वि.के.का.बेलझुण्डी, दाङ ।
२.श्री कुलसचिवको कार्यालय, ने.सं.वि.के.का.बेलझुण्डी, दाङ ।

**पुनश्चः** कार्यालयको पत्र सामाजिक सञ्जालमा पोष्ट नगर्न निर्देशानुसार अनुरोध गर्दछु ।

(गिरिराज शर्मा)
महाशाखा प्रमुख
महाशाखा प्रमुख


०८२-४०००३४
082-400034
email – rectoroffice@nsu.edu.np

विषय : पदीय मर्यादा तथा आचारसंहिता पालना सम्बन्धी सूचना

नेपाल संस्कृत विश्वविद्यालय एक विशिष्ट प्राज्ञिक एवं गरिमामय शैक्षिक संस्था भएकाले विश्वविद्यालयमा कार्यरत प्रत्येक शिक्षक तथा कर्मचारीले आफ्नो पद, जिम्मेवारी, पेशागत मर्यादा तथा संस्थागत गरिमालाई उच्च प्राथमिकतामा राख्नुपर्ने हुन्छ। शिक्षक तथा कर्मचारीबाट अनुशासन, मर्यादा, शिष्टता, जिम्मेवारीबोध तथा प्रचलित आचारसंहिताको पालना गर्नु उहाँहरूको प्रमुख कर्तव्य एवं दायित्वसमेत हो।

यस सन्दर्भमा केही शिक्षक तथा कर्मचारीहरूबाट विभिन्न सामाजिक सञ्जाललगायतका सार्वजनिक माध्यममा पदीय मर्यादा, पेशागत आचरण तथा विश्वविद्यालयको संस्थागत गरिमामा प्रतिकूल प्रभाव पार्न सक्ने किसिमका अभिव्यक्ति तथा अवाञ्छित गतिविधिहरू प्रस्तुत भइरहेको विषयमा विश्वविद्यालयको गम्भीर ध्यानाकर्षण भएको छ।

विश्वविद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूले सामाजिक सञ्जाल वा अन्य कुनै सार्वजनिक माध्यमको प्रयोग गर्दा समेत आफ्नो पदीय मर्यादा, पेशागत आचरण, विश्वविद्यालयको प्रतिष्ठा तथा प्रचलित ऐन, नियम एवं सेवासर्तसम्बन्धी व्यवस्थाको पूर्ण पालना गर्नुपर्ने हुन्छ। व्यक्तिगत विचार वा असन्तुष्टि व्यक्त गर्ने क्रममा समेत विश्वविद्यालयको प्राज्ञिक वातावरण, संस्थागत मर्यादा तथा पदको गरिमामा आँच पुग्ने किसिमका अभिव्यक्ति वा गतिविधि गर्नु उचित हुँदैन।

यस सम्बन्धमा नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवासर्तसम्बन्धी नियमको परिच्छेद-१० को नियम ७८ मा शिक्षक तथा कर्मचारीले पालना गर्नुपर्ने आचारसंहितासम्बन्धी विभिन्न व्यवस्थाहरू स्पष्ट रूपमा निर्दिष्ट गरिएका छन्। उक्त आचारसंहिताको पालना गर्नु विश्वविद्यालयमा कार्यरत प्रत्येक शिक्षक तथा कर्मचारीको अनिवार्य दायित्व हो।

साथै, उक्त आचारसंहिता तथा प्रचलित नियमविपरीतका कार्य वा गतिविधि भएको अवस्थामा नेपाल संस्कृत विश्वविद्यालय शिक्षक तथा कर्मचारी सेवासर्तसम्बन्धी नियमको परिच्छेद-११ अन्तर्गत नियम ७९ देखि ९० सम्ममा उल्लिखित अनुशासनात्मक व्यवस्था आकर्षित हुने व्यहोरा सम्बन्धित सबैलाई अवगत भएकै विषय पुनः जानकारी गराइन्छ।

अतः विश्वविद्यालयको प्राज्ञिक वातावरण, संस्थागत गरिमा, अनुशासन तथा प्रतिष्ठामा प्रतिकूल प्रभाव पार्ने गरी आचारसंहिता एवं पदीय मर्यादाविपरीत कुनै पनि किसिमका अवाञ्छित गतिविधि, अभिव्यक्ति वा व्यवहार नगर्न सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूलाई सचेत गराइन्छ।

विश्वविद्यालयको गरिमा, प्राज्ञिक वातावरण, संस्थागत अनुशासन तथा मर्यादा कायम राख्ने कार्यमा सम्पूर्ण शिक्षक तथा कर्मचारीहरूबाट जिम्मेवार, संयमित, मर्यादित एवं आचारसंहिताअनुकूल व्यवहारको अपेक्षा गरिएको छ।

सम्बन्धित सबैको जानकारी तथा आवश्यक कार्यान्वयनका लागि निर्देशनात्मक सूचना जारी गरिएको छ।

प्रमुख